काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६१ | मंगलवार, १० चैत, २०८२ | Tuesday, 24 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

रारा विमानस्थलमा उडानको नयाँ कार्यतालिका सार्वजनिक



काँक्रेविहार संवाददाता
मुगु, ९ चैत

मुगुस्थित रारा विमानस्थलमा नेपाल एयरलाइन्सले आइतबारदेखि नियमित उडान सुरु गरेको छ।

नेपालगञ्जबाट हप्तामा चार पटक, आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने व्यवस्था मिलाइएको हो।

साथै, बिहीबारै नै सुर्खेतबाट पनि रारा विमानस्थलमा उडान हुने नेपाल एयरलाइन्सका रारा विमानस्थल स्टेशन इन्चार्ज नवीनकुमार बिष्टले जानकारी दिए।

नियमित उडान सुरु भएसँगै विशेषगरी बिरामी बोकेर बाहिर लैजानुपर्ने बाध्यता भेलिरहेका स्थानीयलाई ठूलो राहत मिल्ने अपेक्षा गरिएको छ।

विदेशी नागरिकलाई छुट्टै लाइन र डेस्क

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ चैत

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयको आगमन र प्रस्थानतर्फ नेपाली मूलका विदेशी नागरिकका लागि छुट्टै लाइन र अध्यागमन डेस्कको व्यवस्था गरिएको छ।

अध्यागमन विभाग, अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारीले सोमबार (चैत ९) एक विज्ञप्ति जारी गर्दै यस्तो जानकारी दिएका हुन्।

"अध्यागमन विभागको मिति २०८२/१२/०८ को निर्णयानुसार त्रि.अ.वि. अध्यागमन कार्यालयको आगमन र प्रस्थानतर्फ नेपाली मूलका विदेशी नागरिकका लागि छुट्टै लाइन र अध्यागमन डेस्कको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ," विज्ञप्तिमा भनिएको छ।

हवाई उद्धार गर्दा पनि जोगिएन दुई 'कलिला' आमाको ज्यान

काँक्रेविहार संवाददाता
सुर्खेत, ९ चैत

दुर्गम भूगोल र कमजोर स्वास्थ्य सेवा प्रणालीका कारण अँझै पनि कर्णाली र सुदूरपश्चिम प्रदेशका दुर्गम बस्तीहरूमा सुरक्षित मातृत्व चुनौतीपूर्ण बनेको छ। दुबै प्रदेशमा मातृ तथा शिशु स्वास्थ्यमा समेत गम्भीर चुनौती देखिएको छ।

एक साताभित्रै हवाई उद्धार गरिएका दुई 'कलिला' सुत्केरी आमाको मृत्यु भएपछि स्वास्थ्य सेवाको पहुँच र प्रभावकारितामाथि प्रश्न उठेको छ। चैत ४ गते बाजुराबाट हवाई उद्धार गरी कर्णाली प्रदेश अस्पताल सुर्खेत पुऱ्याइएकी २० वर्षीया सुत्केरी आमा सुरता रोकाया र उनको सात दिनको शिशुको उपचारका क्रममा चैत ७ गते शनिबार मृत्यु भएको हो। बाजुराको बडीमालिका नगरपालिका-१ निवासी रोकायालाई सुत्केरी व्यथा र जटिल स्वास्थ्य समस्याका कारण हेलिकोप्टरमार्फत कर्णाली प्रदेश अस्पताल, सुर्खेत रिफर गरिएको थियो।

यसअघि फागुन २८ गते हवाई उद्धार गरिएकी जुम्लाको तिला गाउँपालिका-३ की १८ वर्षीया अस्मिता नेपालीको पनि प्रदेश अस्पतालमै उपचारका क्रममा मृत्यु भएको थियो। फागुन २५ गते अस्पताल भर्ना भएकी अस्मितालाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले थप उपचारका लागि प्रदेश अस्पतालमा रिफर गरेको थियो।

दुर्गम जिल्लाहरूमा समयमै स्वास्थ्य सेवा नपुग्नु, विशेषज्ञ जनशक्ति र उपकरणको अभाव तथा ढिलो उद्धारका कारण यस्ता घटनाहरू दोहोरिँदै आएको स्थानीयवासीको गुनासो छ। हवाई उद्धार भए पनि समयमै प्रभावकारी उपचार नपुग्दा आमाहरूको ज्यान जोगाउन नसकिएको भन्दै सरोकारवालामाथि दबाब बढ्दै गएको छ।

स्वास्थ्य क्षेत्रमा पूर्वाधार सुदृढीकरण, दुर्गम बस्तीमा सहज पहुँच र आपतकालीन सेवाको प्रभावकारी व्यवस्थापन नगरेसम्म यस्ता दुःखद घटनाहरू रोक्न कठिन हुने देखिन्छ। दुर्गम क्षेत्रबाट ज्यान जोखिममा पारेर हवाई उद्धार गरी प्रदेश अस्पतालसम्म पुऱ्याइएका बिरामीको समेत ज्यान जोगिन नसक्ने अवस्था देखिन थालेपछि अस्पतालको स्वास्थ्य सेवा प्रणालीमाथि पनि गम्भीर प्रश्न उठ्न थालेका छन्। पछिल्ला घटनाले अस्पतालसम्मको पहुँच मात्रै पर्याप्त नभएको पनि स्पष्ट पारेको छ।

विशेषज्ञहरूका अनुसार बाँकी पृष्ठ ४

> *"स्वास्थ्य क्षेत्रमा पूर्वाधार सुदृढीकरण, दुर्गम बस्तीमा सहज पहुँच र आपतकालीन सेवाको प्रभावकारी व्यवस्थापन नगरेसम्म यस्ता दुःखद घटनाहरू रोक्न कठिन हुने देखिन्छ।*



आमा र शिशुको वियोगान्त अन्त्य

कर्णाली र सुदूरपश्चिमका दुर्गम बस्तीहरूमा सुरक्षित मातृत्व अझै पनि कति चुनौतीपूर्ण छ भन्ने एउटा कारुणिक उदाहरण देखिएको छ। बाजुराबाट हवाई उद्धार गरी सुर्खेत पुऱ्याइएकी २१ वर्षीया सुत्केरी सुरता रोकाया र उनको सात दिनको शिशु दुवैको उपचारका क्रममा मृत्यु भएको हो। यो घटनाले एकातिर दुर्गमको स्वास्थ्य अवस्था र अर्कोतिर जटिल स्वास्थ्य समस्या भएका गर्भवतीहरूको जोखिमपूर्ण स्थितिलाई पुनः सतहमा ल्याइदिएको छ। रोकायालाई सुत्केरी व्यथा र स्वास्थ्य जटिलताका कारण हेलिकोप्टरमार्फत प्रदेश अस्पताल सुर्खेत रिफर गरिएको थियो।

बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीका अनुसार, उनले सुर्खेतमै शिशुलाई जन्म दिएकी थिइन्। तर, सात दिनसम्मको सघन उपचारका बाबजुद शनिबार आमा र शिशु दुवैले प्राण त्यागे। सुरता रोकायाको मृत्युको पछाडि प्रसव पीडा मात्र नभई उनको पुरानो स्वास्थ्य समस्या पनि कारक देखिएको छ। उनी लामो समयदेखि मुटुको गम्भीर रोगबाट ग्रसित थिइन्।

चिकित्सकहरूका अनुसार, उनको मुटुको अवस्थालाई हेरेर 'बच्चा जन्माउनु जोखिमपूर्ण हुने' सुझाव पहिले नै दिइएको थियो। तर, सामाजिक र पारिवारिक परिवेशका कारण उक्त जोखिम मोल्दा अन्ततः एउटा कलिलो उमेरकी आमा र नवजात शिशु दुवैलाई गुमाउनुपर्ने अवस्था सिर्जना भयो।

सुरताको यो दुखद मृत्युले दुईवटा कुरा प्रष्ट पारेको छ। पहिलो, जटिल स्वास्थ्य अवस्था भएका गर्भवतीहरूका लागि ग्रामीण तहमा परामर्श र विशेष निगरानीको अभाव छ। दोस्रो, अन्तिम अवस्थामा गरिने 'हवाई उद्धार' सधैं जीवन बचाउन पर्याप्त हुँदैन। मुटु रोग जस्तो जटिल समस्या बोकेकी आमाका लागि समयमै विशेषज्ञ सेवाको पहुँच नहुनु नै यो वियोगको मुख्य कारण देखिन्छ।

शिशु बाँच्यो, आमा रहिनन्

जुम्लाकी अस्मिता नेपालीलाई फागुन २५ गते सुत्केरी व्यथा सुरु भयो। घरमै व्यथा बढ्दै गएपछि परिवारले उनलाई नजिकैको कुडारी स्वास्थ्यचौकीमा पुऱ्याए। तर स्वास्थ्यचौकीमा आवश्यक उपकरण र विशेषज्ञ जनशक्ति अभावका कारण त्यहाँ प्रसुति गराउन सम्भव भएन।

त्यसपछि उनलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा भर्ना गरियो। प्रतिष्ठानमा चिकित्सकले शल्यक्रिया (अपरेसन) गरेर शिशु जन्माउन सफल भए। शिशु सुरक्षित जन्मिए पनि शल्यक्रियापछि अस्मिताको स्वास्थ्य अवस्था भने क्रमशः जटिल बन्दै गयो। क्रमश स्वास्थ्यमा जटिलता देखिएपछि प्रतिष्ठानका चिकित्सकले थप उपचारका लागि अन्य सुविधासम्पन्न अस्पतालमा लैजान सल्लाह दिए।

चिकित्सकको सल्लाहपछि परिवारले जिल्ला प्रशासन कार्यालयसँग सहयोग मागे। त्यसपछि 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' अन्तर्गत अस्मिताको हवाई उद्धार गरी उनलाई सुर्खेतस्थित प्रदेश अस्पतालमा ल्याइयो। तर प्रदेश अस्पतालमा उपचारका क्रममा अस्मिताको मृत्यु भयो।

उनले जन्म दिएको नवजात शिशुको अवस्था भने सामान्य र सुरक्षित रहेको छ। तर अस्मिताको ज्यान दुई ठूला अस्पताल पुग्दासमेत जोगिन नसक्दा कर्णालीको मातृस्वास्थ्य सेवामाथि गम्भीर प्रश्न उठेको छ। हुन त यी दुबै अस्पताल पछिल्लो समय दक्ष जनशक्ति र औषधि, उपकरण अभावले समस्याग्रत बनेको भन्दै सेवाग्राही पनि असन्तुष्ट बनदै गएका छन्।

यी घटना एक उदाहरण मात्रै हुन्, तर कर्णाली र सुदुरपश्चिम प्रदेशको दुर्गम भूगोल र कमजोर स्वास्थ्य सेवा प्रणालीका कारण सुत्केरी महिलाको ज्यान जाने समस्या अँझै ज्यूकाँ त्यूँ छन्। दुर्गम गाउँमा गर्भवती महिलाले समयमै गुणस्तरीय स्वास्थ्य सेवा पाउन कठिन हुने समस्या अझै कायम छ। स्वास्थ्यचौकीहरूमा विशेषज्ञ चिकित्सक, आवश्यक उपकरण र आपतकालीन प्रसूति सेवा नहुँदा जटिल अवस्थाका गर्भवतीलाई जिल्ला वा प्रदेश अस्पतालमा लैजानुपर्ने अवस्था छ।

तर दुर्गम गाउँबाट अस्पताल पुग्न ढिलाइ हुने, सडक र यातायातको अभाव हुने तथा आर्थिक समस्याका कारण धेरै महिलाको स्वास्थ्य जोखिममा पर्ने गरेको छ। अस्मिता नेपालीको घटनाले पनि यही समस्यालाई फेरि उजागर गरेको छ। सरकारले दुर्गम क्षेत्रका गर्भवती महिलाको ज्यान बचाउन 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' अन्तर्गत हवाई उद्धारको व्यवस्था गरेको छ। तर धेरै अवस्थामा उद्धार ढिला हुने, सूचना व्यवस्थापन कमजोर हुने र उपचारका लागि पुग्दा बिरामीको अवस्था गम्भीर भइसकेको हुने समस्या निराकरण हुन सकेको छैन।

स्वास्थ्यकर्मीहरूका अनुसार जटिल प्रसूति सेवा स्थानीय तहसम्म सुदृढ नहुँदा यस्तो जोखिम बढिरहेको हो। अस्मिताको मृत्यु भएपछि स्थानीयवासीले स्वास्थ्य सेवाको प्रभावकारितामाथि प्रश्न उठाएका छन्। जुम्लामा शल्यक्रिया गरेर शिशु निकालिए पनि आमाको अवस्था बिग्रँदा समयमै प्रभावकारी उपचार हुन नसकेको अस्मिताका जेठाजु बिर्ख नेपालीले गुनासो गरे। कर्णालीका दुर्गम बस्तीमा अझै पनि सुरक्षित मातृत्व सेवा प्रभावकारी रूपमा पुग्न नसक्दा सुत्केरी महिलाको ज्यान जाने घटना दोहोरिइरहेको छ। अस्मिता नेपालीको मृत्युले फेरि एकपटक कर्णालीको मातृस्वास्थ्य सेवामा सुधारको आवश्यकता औंल्याएको छ।

मध्यपूर्वको हवाई क्षेत्रमा प्रतिबन्धः

त्रिभुवन विमानस्थलबाट हुने दर्जनौं अन्तर्राष्ट्रिय उडान रद्द

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ चैत

युद्धका कारण मध्यपूर्वको हवाइ क्षेत्रमा भएको प्रतिबन्धका कारण नेपालबाट हुने अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका अनुसार हवाई क्षेत्रमा लगाइएको प्रतिबन्धले गर्दा आजका लागि तय गरिएका विभिन्न वायुसेवा कम्पनीका उडानहरू रद्द भएका छन्।

विमानस्थल कार्यालयले जारी गरेको सूचना अनुसार, आज जजिरा एयरवेज, कुवेत एयरवेज, फ्लाई दुबई, नेपाल एयरलाइन्स, कतार एयरवेज र हिमालय एयरलाइन्सका दर्जनौं उडानहरू



रद्द गरिएका छन्। विशेषगरी कुवेत, दुबई, दोहा र दमाम जस्ता प्रमुख गन्तव्यका उडानहरू प्रभावित भएका हुन्।

रद्द भएका उडानहरूमा जजिराको कुवेत-काठमाडौं, कुवेत एयरवेजको कुवेत-काठमाडौं र फ्लाई दुबईको दुबई-काठमाडौं सेक्टर रहेका छन्।

त्यसैगरी, नेपाल एयरलाइन्सका दोहा र दुबई उडानहरू तथा कतार एयरवेजका दोहा-काठमाडौं सेक्टरका दुईवटा उडानहरू पनि रद्द भएका छन्। हिमालय एयरलाइन्सले दोहा र दमामका लागि तय गरेका उडानहरू समेत स्थगित भएका छन्।

विमानस्थल प्रशासनले मध्यपूर्वको असहज परिस्थितिका कारण अन्य अन्तर्राष्ट्रिय उडानहरू पनि ढिलाइ हुन सक्ने, पुनःतालिका हुने वा रद्द हुन सक्ने सम्भावना रहेको जनाएको छ। विमानस्थलले यात्रु व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन सम्बन्धित एयरलाइन्स र सरोकारवाला निकायहरूसँग नजिकबाट समन्वय गरिरहेको जानकारी दिएको छ।

आफ्नो उडानबारे थप जानकारी लिनका लागि यात्रुहरूलाई सम्बन्धित वायुसेवा कम्पनीको वेबसाइट वा उपलब्ध गराइएको टेलिफोन नम्बरमा सम्पर्क गर्न विमानस्थल कार्यालयले आग्रह गरेको छ।

न्याय माग्दै महिला आयोगमा नारा

छोरीचेलीको रक्षा गर

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ चैत

हिंसापीडित महिलाका लागि न्याय माग गर्दै पीडित पक्षले राष्ट्रिय महिला आयोगमा नाराबाजी गरेका छन्।

'महिला अधिकार सुनिश्चित गर', 'महिला हिंसा अन्त्य गर', 'महिला आयोग किन चुप ?', 'इनिशा विक र रेश्मिका परियारलाई न्याय देऊ', 'छोरीचेलीको रक्षा गर' नाराका साथ पीडित पक्षले महिला आयोग परिसरमा नाराबाजी गरेका हुन्।

सुर्खेतकी इनिशा विकको बलात्कारपछि हत्यासम्बन्धी घटनाको शीघ्र छानबिन गर्नुपर्ने र खोटाङकी रेश्मिका परियारको बलात्कारपछि हत्या घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेका छन्।

माइतीघर मण्डलामा न्यायका लागि धर्ना बस्दा पनि न्यायका लागि कुनै सुनुवाइ नभएको भन्दै पीडित पक्षले महिला आयोगको ध्यानाकर्षण गराएका हुन्।

पीडित पक्षको मागमा खोटाङ सेवा समाजले ऐक्यबद्धता जनाएको सचिव नवराज रोकाले जानकारी दिए। उनले पीडितले जति सक्दो चाँडो न्याय पाउनुपर्ने र पीडकले कडाभन्दा कडा सजाय पाउनुपर्ने बताए।

नयाँ संसद भवनमा सबै सांसदलाई बेग्लाबेग्लै 'चेम्बर'

काँक्रेविहार संवाददाता
काठमाडौं, ९ चैत

संघीय संसद सचिवालय नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको पद तथा गोपनीयताको शपथ व्यवस्थापनको तयारीमा जुटिरहेको छ। सोही सन्दर्भमा सचिवालयले यही ५ चैतमा सूचनामार्फत निर्वाचित सांसदहरूलाई शपथ कार्यक्रममा सहभागी हुन आह्वान गरिसकेको छ।

यही १२ चैतको अपराह्न २ बजे शपथ समारोह आयोजना गरिएको छ। निर्धारित समयभन्दा दुई घण्टाअगावै औपचारिक वा आफ्नो सांस्कृतिक पहिचानको पोसाकमा उपस्थितिका लागि सचिवालयको अनुरोध छ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्य ७८ वर्षीय अर्जुननरसिंह केसीले यही ११ चैतमा राष्ट्रपति भवन शीतलनिवासमा शपथ लिनेछन्। त्यसपछि यही १२ चैतमा निर्वाचित प्रतिनिधिसभा सदस्यलाई ज्येष्ठ सदस्य केसीले शपथ दिलाउनेछन्।

नेपालको संविधानको धारा, ८८ मा 'संघीय संसदको प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने' व्यवस्था छ।

संविधानको बाँकी पृष्ठ ४

सम्पादकीय

बजेट कार्यान्वयनमा गैरजिम्मेवारीपन

कर्णाली प्रदेशमा विकास बजेट कार्यान्वयनको अवस्था फेरि एकपटक निराशाजनक रूपमा सतहमा आएको छ । प्रदेश स्थापना भएयता पुँजीगत खर्च सधैं चुनौतीको रूपमा देखिँदै आएको थियो, तर चालु आर्थिक वर्षमा यो समस्या अझ गम्भीर बनेको छ । आठ महिना बितिसक्दा कुल पुँजीगत बजेटको करिब १३ प्रतिशत मात्रै खर्च हुनु कुनै साधारण प्रशासनिक कमजोरी होइन । यो स्पष्ट रूपमा प्रणालीगत असफलताको संकेत हो । सरकारले झन्डै २० अर्ब रूपैयाँ पुँजीगत बजेट विनियोजन गरेको भए पनि खर्चको गति अत्यन्त सुस्त छ । अझ चिन्ताजनक पक्ष त अघिल्ला वर्षहरूको तुलनामा प्रगति झन् खस्किएको बिषय छ । यसले कर्णालीमा विकास योजनाहरू कागजमै सीमित हुने प्रवृत्ति अझ बलियो बन्दै गएको देखाउँछ । विकासको मेरूदण्ड मानिने पूर्वाधार निर्माणमा ढिलाइ हुँदा त्यसको प्रत्यक्ष असर आर्थिक गतिविधि, रोजगारी र जनजीवनमा पर्ने निश्चित छ । सरकारले आन्दोलन, राजनीतिक अस्थिरता र प्रशासनिक जटिलतालाई कारण देखाउने गरेको छ । तर यस्ता तर्क अब जनताका लागि विश्वसनीय रहँदैनन् । योजना छनोटदेखि ठेक्का प्रक्रिया, कार्यान्वयन र अनुगमनसम्मको सम्पूर्ण चक्रमा देखिएको कमजोरी नै मुख्य समस्या हो ।

कर्णाली प्रदेशमा जिम्मेवार निकायबीच समन्वयको अभाव, प्राविधिक जनशक्तिको कमी र निर्णय प्रक्रियामा ढिलाइले बजेट खर्चमा बाधा पुऱ्याइरहेको छ । प्रदेशसभामा उठेका आवाजहरूले पनि यही यथार्थलाई पुष्टि गर्छन् । अब केन्द्रलाई दोष दिने वा स्रोत अभावको बहाना बनाउने समय सकिएको छ । उपलब्ध बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने क्षमता देखाउनु नै सरकारको प्रमुख दायित्व हो । अन्यथा, विकासका लक्ष्यहरू केवल घोषणामा सीमित हुनेछन् । प्रदेश सरकारले विनियोजन गरेको कुल बजेटमध्ये हालसम्म जम्मा १९.६४ प्रतिशत मात्रै खर्च भएको छ, जसलाई अहिलेसम्मकै कमजोर कार्यान्वयन अवस्थाका रूपमा हेरिएको छ । प्रदेश लेखा नियन्त्रकको कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ का लागि सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको कुल बजेट ल्याएकोमा फागुन मसान्तसम्म ६ अर्ब ४८ करोड १६ लाख बराबरको बजेट मात्रै खर्च गर्न सकेको छ, जुन कुल बजेटको १९.६४ प्रतिशत मात्रै हो । सरकारको बजेट कार्यान्वयनको यो तथ्यांक विगतका आर्थिक वर्षहरूको भन्दा कम हो । चालु आर्थिक वर्ष सकिन चार महिना बाँकी रहँदा सरकारको खातामा २६ वर्ष ५१ करोड भन्दा बढी बजेट थन्किएको छ ।

मन्त्रालयगत खर्चको अवस्थाले झन् गम्भीर चित्र प्रस्तुत गरेको छ । भौतिक पूर्वाधार जस्ता प्रमुख विकास मन्त्रालयहरूको प्रगति कमजोर हुनु भनेको समग्र विकास नै प्रभावित हुनु हो । उद्योग, कृषि र पर्यटनजस्ता क्षेत्रहरूमा देखिएको न्यूनतम खर्चले दीर्घकालीन आर्थिक सम्भावनामा नै प्रश्न उठाएको छ । यस्ता क्षेत्रहरूमा लगानी बढ्न नसक्दा प्रदेशको आत्मनिर्भरता र समृद्धिको लक्ष्य टाढिँदै जानेछ । समस्या केवल खर्च कम हुनुमा मात्र सीमित छैन । खर्चको समय र गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण छन् । आर्थिक वर्षको अन्त्यतिर हतारमा गरिने "असारे विकास" ले न त दीगो संरचना दिन्छ, न त जनतामा विश्वास जगाउँछ । बरू यसले स्रोतको दुरूपयोग र भ्रष्टाचारको जोखिम बढाउँछ । अबको आवश्यकता भनेको स्पष्ट कार्ययोजना, कडा अनुगमन र जिम्मेवारी सुनिश्चित गर्ने प्रणाली हो । योजना निर्माणदेखि मूल्यांकनसम्मको सम्पूर्ण प्रक्रियामा सुधार नगरेसम्म यस्ता समस्या दोहोरिरहनेछन् । कर्मचारीतन्त्रलाई उत्तरदायी बनाउने र प्राविधिक क्षमता अभिवृद्धि गर्ने काम तत्काल थालिनुपर्छ । कर्णालीको विकास केवल बजेट विनियोजनले होइन, त्यसको प्रभावकारी कार्यान्वयनले मात्र सम्भव छ । अन्यथा, हरेक वर्ष दोहोरिने यही निराशाजनक कथा प्रदेशको नियति बन्ने खतरा रहिरहनेछ । त्यसैले बजेट कार्यान्वयनमा गैरजिम्मेवारीपन नदेखाऊ ।

आक्रोश, आशा अनि बहुमत र विश्वास



✍ सुरेन्द्र नेपाल श्रेष्ठ

> *"यसले स्वतः सबै विदेशी नागरिकलाई नागरिकता दिने ढोका खोल्दैन, न त सिमाना खुला बनाउँछ। नागरिकताको निरन्तरता स्पष्ट मापदण्ड, कानुनी प्रक्रिया र पहिचानको आधारमा मात्र प्रदान गरिन्छ।"*

नेपालले आफ्नो इतिहासमा एउटा नयाँ अध्याय लेखिरहेको छ । गत वर्ष सेप्टेम्बर २०२५ मा जेनजेड युवाहरूले सुरु गरेको ठुलो आन्दोलनले देशलाई हल्लायो । सामाजिक सञ्जाल प्रतिबन्ध, भ्रष्टाचार, बेरोजगारी र राजनीतिक अस्थिरताको विरुद्धमा उर्लिएको यो विद्रोहमा दर्जनौं युवाको ज्यान गयो, सयौं घाइते भए र संसद् भवनदेखि राष्ट्रपति निवाससम्म आगो लाग्यो ।

अन्ततः पटक पटक प्रधानमन्त्री बनेका केपी शर्मा ओलीको सरकार ढल्यो, संसद् विघटन भयो र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएपछि मार्च ५, २०२६ मा निर्वाचन सम्पन्न भयो ।

यो निर्वाचनको परिणामले नेपालको राजनीतिक परिदृश्य नै बदलिदियो । राष्ट्रिय स्वतन्त्र पार्टी का ३५ वर्षीय बालेन्द्र शाह (बालेन) को नेतृत्वमा पार्टीले स्पष्ट बहुमत हासिल गऱ्यो–१६५ प्रत्यक्ष निर्वाचित सिटमध्ये १२५ जितदै इतिहास रच्यो । बालेन स्वयंले झापा-५ मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई करिब ५० हजार मतान्तरले पराजित गरे । नेपाली कांग्रेस र एमाले जस्ता पुराना दलहरूले आफ्नो इतिहासकै सबैभन्दा ठुलो पराजय भोगे । २६ दल मिलेर बनेको नेकपाको त झन्डै लेख जोखा समेत भएन । यो परिवर्तन केवल सत्ता फेरबदल होइन–यो जनताको क्रोध, आशा र नयाँ पुस्ताको विद्रोहको ठुलो विजय हो । तर यो विजयले ठुलो जिम्मेवारी पनि बोकेको छ । अहिले बन्ने सरकार असफल हुनु भनेको देशले दशकौंसम्म दुःख भोग्नु हो । सरकार असफल हुँदा केवल सत्ता परिवर्तन मात्र हुँदैन । अर्थतन्त्र धराशायी हुन्छ, रोजगारी संकटमा पर्छ, सामाजिक विश्वास टुट्छ र राष्ट्रको भविष्य अन्धकारमय बन्छ । जनताले ठुलो आशा गरेर दिएको मत यदि निराशामा बदलियो भने राजनीतिक प्रणालीप्रतिको विश्वास नै समाप्त हुन सक्छ । जब जनताको मनमा "केही पनि बदलिँदैन" भन्ने गहिरो निराशा बस्छ, त्यहींबाट लोकतन्त्रको जरा सुक्न थाल्छ ।

पार्टी सानो वा कमजोर भयो भने पुनर्निर्माण गर्न सकिन्छ, सङ्गठन मजबुत बनाउने अवसर सधैं रहन्छ, तर जनताले देखेको ठुलो राष्ट्रिय सपना टुट्यो भने त्यो एक दलको हार मात्र होइन राष्ट्रको सामूहिक आकाङ्क्षामाथिको घात हो । यति ठुलो सत्ता यामा मतदाताले विश्वास गरेर सुम्पिएको आशामा तुसारापात भयो भने त्यसको मूल्य वर्षौंसम्म तिर्नुपर्नेछ । व्यक्ति वा पार्टी कहिल्यै देशभन्दा ठुलो हुन सक्दैन । सत्ता, पद, व्यक्तिगत महत्वाकाङ्क्षा वा दलगत स्वार्थभन्दा माथि राष्ट्रको हित र जनताको भविष्य हुनुपर्छ । इतिहासले बारम्बार सिकाएको छ देशलाई व्यक्तिमा सीमित गर्ने प्रयासले अन्ततः राष्ट्रले नै ठुलो मूल्य चुकाउनुपरेको छ । सत्तामा पुग्नु लक्ष्य होइन, सत्तामा पुगेर सुशासन कायम गर्नु, नीति कार्यान्वयन गर्नु र जनजीवन उकास्नु नै सच्चा नेतृत्वको प्रमाण हो ।

आज नेपालका नागरिकहरू परिवर्तनको तीव्र अपेक्षामा छन् । युवाहरूले स्वदेशमै रोजगारी, स्टार्टअप अवसर, सीप विकास र बस्ने वातावरण खोजेका छन् । किसानहरूले आफ्नो मेहनतको उचित मूल्य, सिँचाइ, बीउ-मल र बजार सुनिश्चितता चाहन्छन् ।

श्रमिकहरूले न्यूनतम ज्याला, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको आशा राखेका छन् । महिला, दलित, जनजाति, मधेसी र पिछडिएका समुदायहरूले समानता, समावेशिता र न्यायको अपेक्षा गरेका छन् । पर्यटन, जलविद्युत्, सूचना प्रविधि र कृषिमा आधारित आर्थिक वृद्धिको सपना देखेका छन् । यदि नयाँ सरकार यी अपेक्षालाई सम्बोधन गर्न असफल भयो भने यो केवल राजनीतिक असफलता होइन सामाजिक, आर्थिक र नैतिक असफलता पनि हुनेछ ।

गैरआवासीय नेपालीहरूले पनि यो परिवर्तनको यात्रामा विशेष भूमिका खेलेका छन् । संसारका विभिन्न देशहरूमा बसेर उनीहरूले नेपालको अर्थतन्त्र, समाज र अन्तर्राष्ट्रिय छविलाई बलियो बनाउन निरन्तर योगदान दिँदै आएका छन् । रेमिट्यान्सका माध्यमबाट मात्र होइन, ज्ञान, सीप, लगानी र अन्तर्राष्ट्रिय अनुभवमार्फत पनि उनीहरूले देशको विकासमा महत्त्वपूर्ण साथ दिएका छन् ।

नेपालको अर्थतन्त्रको ठुलो हिस्सा आज पनि वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्समा निर्भर छ, जसमा अधिकांश योगदान विदेशमा रहेका नेपालीहरूको छ । उनीहरूको परिश्रमले लाखौं परिवारको जीवन धानिएको छ र राष्ट्रिय अर्थतन्त्रलाई पनि ठुलो टेवा पुगेको छ । यस्तो अवस्थामा देशसँग भावनात्मक सम्बन्ध कायम राख्न चाहने गैरआवासीय नेपालीहरूको अपेक्षा र अधिकारलाई राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक छ ।

विशेष गरी नागरिकताको निरन्तरता सम्बन्धी उनीहरूको मागलाई राज्यले सकारात्मक रूपमा समाधान गरिदिनु पर्दछ । जन्मभूमिसँगको सम्बन्ध केवल भावना मात्र होइन, त्यो पहिचान, जिम्मेवारी र भविष्यसँग पनि जोडिएको विषय हो । विदेशमा जन्मेका वा हुर्केका नेपाली मूलका सन्तानहरूले पनि आफ्नो पुर्खाको देशसँग सम्बन्ध कायम राख्न पाउनुपर्छ ।

यदि राज्यले गैरआवासीय नेपालीहरूलाई विश्वास र सम्मानका साथ जोड्न सक्यो भने उनीहरूको लगानी, ज्ञान र अनुभव देशको विकासका लागि ठुलो शक्ति बन्न सक्छ । त्यसैले देशभित्र भइरहेको राजनीतिक र नीतिगत परिवर्तनको प्रक्रियामा उनीहरूको योगदानलाई स्वीकार गर्दै, नागरिकताको निरन्तरता सम्बन्धी मागलाई न्यायपूर्ण र दूरदर्शी ढङ्गले समाधान गर्नु आजको आवश्यकता हो ।

नागरिकताको निरन्तरता सुनिश्चित गरियो भने त्यसलाई दोहोरो नागरिकता स्वीकार गरेको ठानिने र त्यसपछि भारत, चीन लगायतका देशका मानिसहरू निर्बाध रूपमा नेपालमा प्रवेश गर्नेछन् भन्ने हाउगुजी फैलाइएको छ । तर यस्तो तर्क वास्तविकता र कानुनी व्यवस्थासँग मेल खाने देखिँदैन । नयाँ सरकार यस विषयमा निश्चिन्त हुन आवश्यक छ ।

नागरिकताको निरन्तरता भन्नाले मूलतः नेपाली मूलका, नेपाली नागरिकतासँग ऐतिहासिक र पारिवारिक सम्बन्ध भएका व्यक्तिहरूलाई आफ्नो पहिचान कायम राख्ने अवसर दिनु हो । यो व्यवस्था विश्वका धेरै देशहरूमा फरक-फरक स्वरूपमा प्रचलित छ ।

यसले स्वतः सबै विदेशी नागरिकलाई नागरिकता दिने ढोका खोल्दैन, न त सिमाना खुला बनाउँछ । नागरिकताको निरन्तरता स्पष्ट मापदण्ड, कानुनी प्रक्रिया र पहिचानको आधारमा मात्र प्रदान गरिन्छ ।

भारत, चीन वा अन्य कुनै देशका नागरिकहरू स्वतः नेपाली नागरिक बन्ने सम्भावना देखाएर डर फैलाउनु वास्तविक समस्याको समाधान होइन । नेपालको नागरिकता सम्बन्धी कानुन, अध्यागमन व्यवस्था र राज्यको सार्वभौम अधिकार यथावत् रहन्छन् । ती कानुनी संरचनाहरूले नै कसलाई नागरिकता दिन मिल्छ र कसलाई मिल्दैन भन्ने स्पष्ट सीमा तोक्छन् ।

वास्तवमा, नागरिकताको निरन्तरता भनेको विदेशमा बसिरहेका नेपाली मूलका मानिसहरूलाई आफ्नो मातृभूमिसँगको सम्बन्ध जीवित राख्ने पुल हो । उनीहरूले विदेशमा सिकेको ज्ञान, सीप, लगानी र अनुभवलाई नेपालसँग जोड्न सक्ने वातावरण सिर्जना गर्नु नै यसको मुख्य उद्देश्य हो ।

त्यसैले नागरिकताको निरन्तरतालाई डर र भ्रमको विषय बनाउने भन्दा पनि यसलाई देशको दीर्घकालीन हित, आर्थिक सम्भावना र विश्वभर फैलिएका नेपाली समुदायसँगको सम्बन्ध मजबुत बनाउने दृष्टिले हेर्न आवश्यक छ । नयाँ सरकारले यस विषयमा आत्मविश्वासका साथ, स्पष्ट कानुनी मापदण्ड बनाएर अगाडि बढ्न सके देश र प्रवासी नेपाली दुवैका लागि लाभदायक मार्ग खुल्नेछ ।

यो समयले हामी सबैलाई नेता, कार्यकर्ता, नागरिक समाज, युवा र बुद्धिजीवीहरूलाई अझ बढी जिम्मेवार बनाउन आह्वान गरिरहेको छ । देशलाई गम्भीर सुधारको बाटोमा लैजान आवश्यक छ । भ्रष्टाचारमुक्त शासनका लागि पारदर्शी खरिद प्रक्रिया, स्वतन्त्र अख्तियार र डिजिटल प्रशासन स्थापना गर्नुपर्छ । युवा रोजगारी र शिक्षाका लागि सीप-केन्द्रित पाठ्यक्रम, स्टार्टअप फन्ड र विदेशबाट फर्कने युवालाई प्रोत्साहन दिनुपर्छ । कृषि क्रान्तिका लागि आधुनिक खेती, मूल्य निर्धारण र निर्यात प्रवर्द्धन आवश्यक छ । अर्थतन्त्रको पुनरुत्थानका लागि जलविद्युत्, पर्यटन र आईटी क्षेत्रमा ठुलो लगानी, पूर्वाधार विकास गर्नुपर्छ । सामाजिक न्यायका लागि समावेशी नीति, महिला तथा अल्पसंख्यकको सशक्तीकरण र संस्थागत सुधार स्वतन्त्र न्यायपालिका, प्रहरी र प्रशासनको राजनीतिकरण अन्त्यगर्नुपर्छ ।

व्यक्तिगत महत्त्वाकाङ्क्षा र दलगत सीमाभन्दा माथि उठेर राष्ट्रको दीर्घकालीन हितलाई केन्द्रमा राख्नुपर्छ । यो सरकारसँग ठुलो बहुमत छ तर यो बहुमत जनताको विश्वास र आक्रोशबाट आएको हो । यो विश्वासलाई जोगाउनु र पूरा गर्नु सबैभन्दा ठुलो चुनौती हो । परम्परागत राजनीतिक प्रथा अनुसार चलेर यो बृहत विश्वासलाई व्यवहारमा सफल साबित गर्न सकिने छैन ।

यदि यो ऐतिहासिक अवसर गुमायौं भने भविष्यले कहिल्यै माफ गर्ने छैन । तर यदि हामीले साहस, एकता र इमानदारीका साथ सुधारको बाटो समात्यौं भने यो समयलाई इतिहासले नेपालको पुनर्जागरण, युवा शक्तिको उदय र समृद्धिको सुनौलो युगका रूपमा सम्झनेछ । राष्ट्रको साँचो शक्ति विशेष गरी युवा पुस्तामा हुन्छ भन्ने स्वीकार गर्न सक्नु पर्दछ ।

जनताको आशा, विश्वास र सपनालाई जोगाउनु, त्यसलाई वास्तविकतामा बदल्नु नै साँचो राजनीति हो । रास्वपाले यो अवसर पाएका छन् । अब यो अवसरलाई देशको उज्ज्वल भविष्यमा बदल्ने जिम्मेवारी सबैको हो । नेपाल अब उठ्दै छ । यो उठाइलाई असफल हुन नदिऔं, सबै मिलेर यो इतिहास रचौं ।

सिट संख्याका आधारमा संसदीय कार्यालय व्यवस्थापन



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ चैत

सङ्घीय संसद् सचिवालयले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूका लागि सिट संख्याका आधारमा संसदीय कार्यालय व्यवस्थापन गरेको छ ।

सिंहदरबारमा नयाँ संसद् निर्माणको कार्य सम्पन्न नभएकाले हालकै संसद् सचिवालय परिसरमा रहेको संरचनामा नै दलको कार्यालय व्यवस्थापन गरिएको हो ।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको सिट संख्या फेरबदल भयसँगै त्यही अनुसार दलको कार्यालय व्यवस्था गरिएको सङ्घीय संसद्का प्रवक्ता एकराम गिरीले जानकारी दिए ।

संसद् सचिवालयले कांग्रेस र एमालेलाई साबिककै संसदीय दलको कार्यालयमा व्यवस्थापन गरेको छ भने यसअघि नेकपाले प्रयोग गर्दै आएको दलको कार्यालय राष्ट्रिय स्वतन्त्र पार्टीलाई उपलब्ध गराइएको छ ।

त्यस्तै यसअघि रास्वपाले प्रयोग गर्दै आएको कार्यालयमा नेकपा, श्रम संस्कृति र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई व्यवस्थापन गरिएको प्रवक्ता गिरीले बताए ।

उनले अहिले अल्पकालीन व्यवस्थापन गरिएको नयाँ भवन निर्माण सम्पन्न भएपछि त्यहीबाट संसद् र संसदीय गतिविधि हुने जानकारी दिए । प्रतिनिधिसभा निर्वाचनबाट निर्वाचित सदस्यहरूको पद तथा गोपनीयताको शपथ भने नयाँ संसद् भवनको बहुउद्देश्यीय हलमा हुने संसद् सचिवालयले जनाएको छ । सांसदहरूको शपथ चैत १२ गते हुने तय भएको छ ।

'हिउँदे वर्षाले यस वर्ष वन डढेलोको जोखिम कम हुनसक्छ'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ चैत

वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले यस वर्ष वन डढेलोका घटनामा कमी आउने विश्वास व्यक्त गरेका छन् । सोमबार काठमाडौंमा आयोजित वन डढेलो सम्बन्धी एक कार्यक्रममा बोल्दै उनले हिउँदे वर्षाका कारण वनमा डढेलो लाग्ने प्राकृतिक सम्भावना घटेको बताएका हुन् ।

सचिव शर्माका अनुसार पुस र माघ महिनामा भएको वर्षाले वन क्षेत्रको माटोमा चिसोपन बढाएको र पातपतिङ्गरहरू कुहिने प्रक्रिया सुरु भएकाले डढेलोका लागि आवश्यक इन्धन कम भएको छ । 'हाम्रो अनुभवमा जनवरीको अन्त्यतिर वा हिउँदमा राम्रो वर्षा भयो भने त्यो वर्ष वन डढेलोका घटना कम हुन्छन्,' उनले भने, 'यसपटकको वर्षाले पातपतिङ्गरलाई कुहाउने र माटोले ओस सोस्ने भएकाले आगलागीको जोखिमलाई धेरै हदसम्म घटाएको छ ।'

यद्यपि, प्राकृतिक रूपमा जोखिम कम देखिए पनि मानवीय लापरवाही वा आकस्मिक घटनाबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न उत्तिकै चनाखो हुनुपर्नेमा उनले जोड दिएका छन् । कतिपय क्षेत्रमा डढेलोको जोखिम कम भए पनि असावधानीका कारण हुने सानो आगलागीले ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले सुरक्षा सतर्कता अपनाउन उनले आग्रह गरे । तापक्रमको वृद्धि र जलवायु परिवर्तनका अन्य उतारचढावले पनि आगलागीका घटनालाई प्रभाव पार्ने उनको भनाइ छ ।

वन डढेलो नियन्त्रण र जनचेतना अभिवृद्धिका लागि यस क्षेत्रमा थप अनुसन्धानको आवश्यकता रहेको समेत सचिव शर्माले औंल्याएका छन् । कुन क्षेत्र बढी जोखिममा छन् र आगलागीका घटनालाई कसरी प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिन्छ भन्नेबारे विस्तृत अध्ययन भएमा मात्रै भविष्यमा हुने क्षति कम गर्न सकिने उनले बताए ।

संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः- २०८२/१२/१०

यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने यो आशयको सूचना सरोकारवाला सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रू. (मु.अ.क.र पि.एस बाहेक)
FUDBC/Surkhet/Works/NCB/06/082-83	*Construction of Bijaya Secondary school-Dullu,Himalaya Secondary school-Dadimadi and Riju Pokhara School,fencing,ground and Library construction,Dailekh*	MANIK /P.K JV Dullu	१,७२,७३,९५४/४२

सडक दुर्घटना कम गर्न, साँघुरा घुम्ती चौडा गरिदै

> साँघुरो र तीखा मोडका कारण सवारी साधन चलाउन कठिन हुने र दुर्घटनाको सम्भावना बढ्ने समस्या हटाउन यो कार्य अघि बढाइएको छ ।



❐ काँक्रेविहार संवाददाता
सल्यान, ९ चैत

सडक डिभिजन कार्यालय चौरजहारीले जाजरकोटको मुख्य सडकमा रहेका साँघुरा घुम्ती (मोड) चौडा बनाएको छ । सल्लीबजार-जाजरकोट सडकखण्ड अन्तर्गत बोहरागाउँदेखि छेडागाडसम्मका घुम्तीहरु फराकिलो बनाएपछि सवारी साधन आवतजावत सहज हुने र दुर्घटनाको जोखिम घट्ने अपेक्षा गरिएको छ ।

डिभिजन कार्यालयका प्रमुख खुमबहादुर भण्डारीका अनुसार सडक सुरक्षा सुधार गर्ने उद्धेश्यले खलङ्गा-छेडागाड सडक खण्डका जोखिमपूर्ण मोडहरुलाई विस्तार गरिएको हो ।

साँघुरो र तीखा मोडका कारण सवारी साधन चलाउन कठिन हुने र दुर्घटनाको सम्भावना बढ्ने समस्या हटाउन यो कार्य अघि बढाइएको छ । स्थानीय चालक अर्जुन चौधरीले घुम्ती चौडा बनाएपछि सवारी साधन मोड्दा सहज भएको र दुर्घटना जोखिम कम भएको बताए ।

भेरी नगरपालिका-११ का तेज शर्माले पनि अब मोड नपुग्ने, रोकिएर मोड्नुपर्ने र विपरित दिशाबाट आएको सवारीसँग ठोक्किने जोखिम घटेको उल्लेख गर्नुभयो ।

डिभिजन कार्यालयका नायब सुब्बा धनवीर केसीका अनुसार बोहरागाउँदेखि छेडागाडसम्मका ५४ वटा मोड चौडा बनाउने अभियान जारी छ र हालसम्म ३० भन्दा बढी मोड विस्तार गरिसकिएको छ ।

सब ईन्जिनियर विवश नाथ योगीको टोली फिल्डमै रही कार्य निरन्तरता दिँदै आएको छ । सडक विभागले यान्त्रिक महाशाखाबाट उपकरणहरू ल्याएर विभागकै जनशक्तिको उपयोग गरी मोड फराकिलो बनाउने कार्य गरेको छ ।

पहिले पाँच-सात मिटरको दुरीमा रहेका मोडहरू हाल १०-१२ मिटरसम्म चौडा बनाइएका छन् । कार्यालयले आगामी दिनमा पनि जोखिमयुक्त सडक खण्डको पहिचान गरी सुधारको काम निरन्तर गर्ने योजना बनाएको छ ।

२० बर्ष अगाबै २० प्रतिशतभन्दा बढी किशोरी सुत्केरी

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ९ चैत

हुम्ला जिल्लामा १९ वर्ष नपुग्दै सुत्केरी हुने किशोरीको संख्या चिन्ताजनक रूपमा देखिएको छ । चालु आर्थिक वर्षको साउनदेखि माघसम्म जिल्लामा २० प्रतिशतभन्दा बढी किशोरी १९ वर्षभन्दा कम उमेरमै सुत्केरी भएका छन् । स्वास्थ्य सेवा कार्यालयका तथ्याङ्क सहायक दुर्गाबहादुर श्रेष्ठका अनुसार यस अवधिमा जिल्लाका सातवटै गाउँपालिकामा ५ सय ५६ जना सुत्केरी भएकामध्ये १ सय १२ जना किशोरी १९ वर्षमुनिका रहेका छन् । चालु आर्थिक वर्षमा अझै पाँच महिना बाँकी रहेकाले यस्तो संख्या थप बढ्ने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा १९ वर्षमुनि सुत्केरी हुने किशोरीको संख्या १३७ जना रहेको थियो ।

भने त्यसअघिको वर्षमा १०७ जना रहेको थियो । यसले सानो उमेरमै सुत्केरी हुने प्रवृत्ति बढ्दो अवस्थामा रहेको देखाउँछ । उमेर नपुगी विवाह हुनु यसको प्रमुख कारणका रूपमा देखिएको छ । जिल्लामध्ये सबैभन्दा बढी २० वर्ष नपुग्दै सुत्केरी हुने किशोरी सिमकोट गाउँपालिकामा ३७ जना रहेका छन् ।

युवा उद्यमीलाई प्रविधिसँग जोड्ने प्रयास

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ९ चैत

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा 'सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी' को पूर्वतयारीस्वरूप एक दिने अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सुर्खेत उद्योग वाणिज्य संघको समन्वय र राष्ट्रिय युवा परिषद्को आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमले स्थानीय उत्पादनलाई नवीन प्रविधिसँग जोड्दै बजार विस्तार गर्ने आधार तयार पार्ने उद्देश्य राखेको आयोजकले जनाएको छ ।

परम्परागत खेती तथा व्यापारभन्दा अघि बढ्दै स्टार्टअप सोचका साथ काम गरिरहेका कर्णालीका युवा तथा महिला उद्यमीहरूको सहभागिता उल्लेख्य रहेको थियो । सुर्खेत उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रममा रैथाने बालीका उत्पादकदेखि सूचना प्रविधि क्षेत्रका विज्ञसम्मको उपस्थिति थियो ।



सहभागीहरूले आफ्ना उत्पादनका नमुना प्रदर्शन गर्नुका साथै उद्यमशील यात्राका अनुभव र चुनौतीहरू साटासाट गरेका थिए । कार्यक्रममा राष्ट्रिय युवा परिषद्का उपसचिव तारापति खरेलले कर्णालीका उत्पादनहरूको प्रशंसा गर्दै आगामी प्रदर्शनीले प्रदेशभरका उद्यमीलाई एउटै प्लेटफर्ममा ल्याउने विश्वास व्यक्त गरे ।

त्यस्तै, सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष हर्षविक्रम खड्काले संघ व्यवसायीको समस्या समाधानमा केन्द्रित रहेको उल्लेख गर्दै 'उद्यमी हेल्प डेस्क' मार्फत व्यवसायिक परामर्श, वित्तीय तथा प्राविधिक प्रस्ताव लेखन, भिसिटिएस (VCTS) सेवा र उत्पत्तिको प्रमाणपत्रसम्बन्धी सेवा निःशुल्क प्रदान भइरहेको जानकारी दिए ।

कार्यक्रममा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा सामाजिक विकास मन्त्रालयका प्रतिनिधि र स्थानीय तहका वाणिज्य शाखा प्रमुखहरूको समेत सहभागिता रहेको थियो । राष्ट्रिय युवा परिषद्का अधिकृतहरू मानबहादुर कार्की र गेहेनाथ गौतमले आगामी प्रदर्शनीको प्राविधिक पक्षबारे जानकारी दिँदै कर्णालीमा स्टार्टअप इकोसिस्टम विकासका लागि सरकारी र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेकोमा जोड दिए ।

सवारी दुरूपयोग रोक्न गुठीचौरको कडाइ



❐ काँक्रेविहार संवाददाता
जुम्ला, ९ चैत

जिल्लाको गुठीचौर गाउँपालिकाले 'सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' लागू गर्दै सवारी व्यवस्थापनमा कडाइ गरेको छ । नयाँ कार्यविधिसँगै लामो समयदेखि प्रयोगविहीन रहेका दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधनलाई सञ्चालनमा ल्याउने, इन्धन खर्च नियन्त्रण गर्ने तथा दुरुपयोग रोक्ने लक्ष्य लिएको छ । गाउँपालिकाले यसअघि सुशासन अभियानअन्तर्गत व्यक्तिगत प्रयोजनका लागि सवारी प्रयोगमा प्रतिबन्ध लगाएको थियो । सोही अभियानलाई प्रभावकारी बनाउन कार्यविधि लागू गरिएको जनाइएको छ । कार्यविधिअनुसार दुईपाङ्ग्रे सवारीका लागि प्रतिमहिना १० लिटर पेट्रोल तथा फिल्डमा खटिने प्राविधिकलाई थप ५ लिटर इन्धन उपलब्ध गराइनेछ भने चारपाङ्ग्रे सवारीलाई आवश्यकता अनुसार इन्धन दिइने व्यवस्था गरिएको छ ।

इन्धन नगदमा नदिई कुपन प्रणालीमार्फत वितरण गरिनेछ । सवारी प्रयोगमा पारदर्शिता ल्याउन लगबुक अनिवार्य गरिएको छ भने कार्यालय समयबाहिर सवारी चलाउन लिखित पास लिनुपर्ने व्यवस्था गरिएको छ । नियम उल्लङ्घन गरेमा सम्बन्धित व्यक्तिबाट खर्च असुल गरिने प्रावधान राखिएको छ । साथै, सवारीको नियमित मर्मतसम्भार र निरीक्षणको व्यवस्था पनि गरिएको छ ।

गाउँपालिकाले यो कार्यविधि मार्फत सवारी व्यवस्थापनलाई व्यवस्थित र खर्च नियन्त्रणमुखी बनाउने विश्वास लिएको छ ।

बर्दियाका २७ विद्यालय तीनतारे स्तरमा

❐ काँक्रेविहार संवाददाता
बर्दिया ९ चैत

बर्दियाका २७ वटा विद्यालय तीनतारे स्तरमा पुगेका छन् । नेपाल सरकारले २०७४ सालमा लागू गरेको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधिअनुसार ती विद्यालयले आवश्यक मापदण्ड पूरा गरेका हुन् ।

तीमध्ये २१ विद्यालय तीनतारे घोषणा भइसकेका छन् भने ६ विद्यालय घोषणा हुन बाँकी छन् । विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता सुधार गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यविधि लागू गरिएको हो ।

मापदण्ड पूरा गर्ने विद्यालयलाई तीनतारे स्तरमा वर्गीकरण गरिन्छ । जिल्लामा कार्यविधि कार्यान्वयनका लागि पाँच स्थानीय तहका ३३ विद्यालय छनोट गरिएकोमा २७ विद्यालय तीनतारे र ६ विद्यालय दुईतारे स्तरमा पुगेका छन् ।

हाल बर्दियामा कुल २७१ विद्यालय रहेका छन् । संघीय कार्यविधिअनुसार गुलरिया, बारबर्दिया, मधुवन, ठाकुरबाबा नगरपालिका तथा गेरुवा गाउँपालिकाले स्थानीय कार्यविधि निर्माण गरी लागू गरेका छन् ।

साथै, शौचालय, खानेपानी र सरसफाइ संरचनाको मर्मतसम्भारका लागि कोषको व्यवस्था पनि गरिएको छ । बारबर्दिया नगरपालिकाका प्रमुख छविलाल थारूका अनुसार अनुगमन तथा मूल्याङ्कनपछि मापदण्ड पूरा गर्ने विद्यालयलाई तीनतारे घोषणा गरिन्छ ।

सबै विद्यालयलाई तीनतारे स्तरमा पुऱ्याउने लक्ष्य रहेको उनले बताए । तीनतारे विद्यालयमा सुरक्षित खानेपानी, पर्याप्त शौचालय, फोहोर व्यवस्थापन, साबुनपानीले हात धुने सुविधा, फूलबारी, करेसाबारी र दिवा खाजा व्यवस्थाजस्ता सुविधा अनिवार्य हुन्छन् ।

साथै, महिनावारी स्वच्छता सचेतना, आराम कक्ष र इन्सिनेटरसहितको शौचालयको व्यवस्था पनि गर्नुपर्छ । यस कार्यलाई प्रभावकारी बनाउन वाटरएड नेपालको आर्थिक सहयोगमा नेपाल प्रजनन स्वास्थ्य केन्द्र र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको प्राविधिक सहयोगमा 'वास गेन्स' परियोजना सञ्चालन गरिएको थियो ।

तीन वर्षदेखि सञ्चालनमा रहेको उक्त परियोजनामार्फत संरचना निर्माणसँगै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । स्थानीय तहका जनप्रतिनिधि र सरोकारवालाहरूको उपस्थितिमा परियोजनाका उपलब्धि सार्वजनिक गर्दै जिम्मेवारी हस्तान्तरण गरिएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

Bangad Kupinde Municipality
Office of Municipal Executive
Devasthal,Salyan
Karnali Province Nepal

Invitation for Bids

Date Of Publication : 2082/12/10 (24th March 2026)

1. Bangad Kupinde Municipality invites Sealed Quotations from Nepalese eligible bidders for the Suppliers of Following Projects.

SN	Contract Identification no	Description of Works	Cost of Bidding Documents Nrs	Estimated cost (Excluding VAT and PS)	Amount Of Bid Security	Bid Security Validity Period	Remarks
1	BAKUNAPA/SQ/GOODS-37-Re-2082/83	*Procurement Of Furniture Item related to Room Management ans Library Management*	1000	-	38,500	75 Days	Electronic Bid Only
2	BAKUNAPA/SQ/GOODS-39-2082/83	*Procurement,Supply and Delivery Of Mini Tiller & Foot Sprayer.*	1000	-	50,000	75 Days	Electronic Bid Only

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bangad Kupinde Municipality Devsthal,Salyan **088-411060**Bidding Documents at the office .
3. Eligible Bidders submitting their bid should deposit nonrefundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the Bank deposit voucher , Company/Firm Registration Certificate,Tax Clearance fee 2081/82 and VAT/PAN Registration shall be Submit by the bidder at the time of submission of the bids.

Information to deposit the cost of bidding document in bank.

Name of the Bank	Laxmi Sunrise Bank Limited,Sallibazar Branch
Name of Office	Bangad Kupinde Municipality
Last Date of Bid submission	2082/12/25 at 12.00
Bid Opening Date	2082/12/25at 13.00
Office Account no (Rajaswa)	06903000017
Office Account no (Dharauti)	06903000169

4. The bids will be opened in the presence of Bidders representatives who choose to attend Bangad Kupinde Municipality Devsthal, Salyan
5. Bid Security Must be Valid for a period of 75 days after bid opening and must be accompanied by a bid Security of the bid, 2083/03/10
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Municipality reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
8. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.

Chief Administrative Office

पशु सेवा केन्द्र डेढ वर्षदेखि चिकित्सकविहीन, सेवा प्रभावित



❐ काँक्रेविहार संवाददाता
बैतडी, ९ चैत

बैतडीको पाटनस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डेढ वर्षदेखि पशु चिकित्सकविहीन हुँदा पशु स्वास्थ्य सेवा प्रभावित भएको छ। विशेषज्ञ चिकित्सक अभावका कारण जटिल रोगको पहिचान र उपचारमा समस्या देखिएको हो। केन्द्रमा एक जना पशु चिकित्सकको दरबन्दी भए पनि सुदूरपश्चिम प्रदेश सरकारले पदपूर्ति गर्न नसक्दा सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको छ। करारमा कार्यरत चिकित्सक स्थायी सेवामा नियुक्ति पाएपछि अन्यत्र सरुवा भएपछि केन्द्र चिकित्सकविहीन बनेको हो। केन्द्रका निमित्त प्रमुख गुमानीदत्त पन्तका अनुसार चिकित्सक अभावले पछिल्ला दिनमा सेवा प्रभावित बनेको छ।

केही दिनअघि सिगास गाउँपालिकामा घाइते भएको चितुवाको बच्चाको उपचारका लागि डडेल्धुराबाट चिकित्सक बोलाउनुपरेको थियो। त्यस्तै, शिवनाथ गाउँपालिकामा गाईको उपचारका लागि पनि बाहिरबाटै चिकित्सक ल्याउनुपरेको उनले जानकारी दिए।

उनका अनुसार सामान्य उपचार सेवा केन्द्रमै उपलब्ध भए पनि विशेषज्ञको हस्ताक्षर आवश्यक पर्ने रिपोर्ट तथा जटिल रोगको उपचारमा समस्या भइरहेको छ। गम्भीर प्रकृतिका बिरामी पशुका लागि कहिलेकाहीं धनगढीबाट समेत चिकित्सक बोलाउनुपर्ने अवस्था रहेको छ। भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय मातहतको उक्त केन्द्रमा लामो समयदेखि चिकित्सक अभाव रहँदा स्थानीय सेवाग्राही प्रभावित भएका छन्। विशेषज्ञ सेवा नहुँदा रोग पहिचान, निदान, ल्याब परीक्षण, शल्यक्रिया तथा निरोगिता प्रमाणीकरणजस्ता सेवा प्रभावकारी हुन सकेका छैनन्।

मिटर बक्स आपूर्तिमा ढिलाइ, वडा अध्यक्षको धर्ना

❐ काँक्रेविहार संवाददाता
सल्यान, ९ चैत

जिल्लाको कपुरकोट गाउँपालिका-३ का वडा अध्यक्ष प्रदीप खड्काले मिटर बक्स वितरणमा ढिलाइ भएको भन्दै नेपाल विद्युत प्राधिकरण विद्युत वितरण केन्द्र सल्यानमा धर्ना दिएका छन्। ग्राहकले दिएको आवेदन सोही दिन कार्यालय समयमा मिटर बक्स उपलब्ध गरिनुपर्ने माग राख्दै उनले केन्द्रको कार्यालय परिसरमा एक्लै धर्ना सुरु गरेका हुन्।

वडा अध्यक्ष खड्काले पूर्ण विद्युतीकरणको काममा ढिलाइ भइरहेको र सेवा प्रवाह छिटो हुनुपर्ने आवश्यकता रहेको बताए। उनका अनुसार आजै तीनवटा मिटर बक्ससम्बन्धी फाइल पेश गरिएको छ र सोही दिन मिटर बक्स उपलब्ध गराइए धर्ना अन्त्य गरिनेछ।

सरकारी निकायबाट सेवाग्राहीलाई सास्ती दिने काम हुनु हुँदैन, उनले भने। यता विद्युत वितरण केन्द्र सल्यानका प्रमुख नरेशदत्त रावतले भने निवेदन



दिएको २४ घण्टाभित्र कोर्डसहित सामग्री उपलब्ध गराउने प्रक्रिया रहेकाले तत्काल मिटर बक्स उपलब्ध गराउन कठिन हुने बताए।

कोर्ड बिना मिटर बक्स मात्र दिन मिल्दैन, उनको भनाइ छ। हाल वडा अध्यक्ष खड्का र वितरण केन्द्रका प्रमुखबीच समस्या समाधानका लागि छलफल भइरहेको छ। वडा अध्यक्ष खड्काले मिटर बक्स वितरण सहज नहुँदासम्म धर्ना जारी राख्ने, आवश्यक परे राति पनि बस्ने चेतावनी दिएका छन्।

सर्केगाड गाउँपालिकाको १ सय १४ ऐन-कानून पारित

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ९ चैत

जिल्लाको मध्य क्षेत्रमा पर्ने सर्केगाड गाउँपालिकाले हालसम्म ११४ वटा ऐन-कानून तर्जुमा गरी गाउँसभाबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ। हालै सम्पन्न सत्रौं गाउँसभाले तीन नयाँ कार्यविधि पारित गरेपछि ऐन-कानूनको संख्या बढेको हो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दलबहादुर चन्दका अनुसार नयाँ पारित कार्यविधिमा कृषि विकास जीवनस्तर सुधार सहयोग कार्यविधि २०८२, उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि २०८२ र कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ समावेश छन्। सत्रौं गाउँसभासम्म कुल १ सय ११ ऐन-कानून पारित भइसकेका थिए।

लेखा समितिको अर्धवार्षिक प्रतिवेदन अनुगमन, मूल्याङ्कन तथा सुशासन समितिको अर्धवार्षिक प्रतिवेदन, गाउँपालिका न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन, र अर्धवार्षिक प्रगति प्रतिवेदन गरेर चारवटा प्रतिवेदनहरु पारित गरेको छ।

त्यसैगरी, सभा २०८२/०८३ को वार्षिक बजेट र कार्यक्रम संशोधन पनि सर्वसम्मत पारित गरेको छ। सभा गाउँपालिका अध्यक्ष ठनबहादुर रोकाया को अध्यक्षतामा सञ्चालन भएको थियो। उपाध्यक्ष देवकी तिमिल्सीनाले प्रतिवेदनहरू पेश गरेकी थिइन्। सभा सदस्यहरूको सक्रिय उपस्थिति रहेको थियो।

उद्योग खारेजीको सूचना !

सूचना प्रकाशित मितिः २०८२/१२/१०

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **डिल बहादुर कालुङ्ग** धनी रहेको दर्ता नं. **३१४२/०७३/०७४** बाट **कल्याण-५, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको **विपना तन्दुरी ढावा** नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायासी/आर्थिक कारणले खारेज गर्नुपर्ने भएको हुँदा सम्बन्धीत सबैको जानजकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। यस उद्योगसँग कोहीकसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाणसहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय निमावली २०७९ को नियम १२ को उपनियमा (२) बमोजिम जानकारी गराइन्छ।

चैत ११ गतेदेखि कर्णाली समृद्धि महोत्सव सुरु हुँदै

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ९ चैत

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा 'कर्णाली समृद्धि महोत्सव २०८२ आयोजना हुने भएको छ। राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति सुर्खेतको आयोजनामा यही चैत ११ गतेदेखि २२ गतेसम्म महोत्सव सञ्चालन हुने आयोजकले जनाएको छ। वीरेन्द्रनगर नगरपालिका-१ स्थित रेडियो नेपाल परिसरमा सञ्चालन हुने महोत्सवमा राष्ट्रिय तथा स्थानीय ख्यातिप्राप्त कलाकार हरूको प्रस्तुति रहनेछ। साथै, लोकदोहोरी, गीत-संगीत, नृत्यलगायत विविध सांस्कृतिक



कार्यक्रममार्फत कर्णालीको कला र संस्कृतिको प्रवर्द्धन गरिने लक्ष्य राखिएको छ।

महोत्सवमा विभिन्न व्यापारिक स्टलहरू पनि रहनेछन्, जहाँ स्थानीय उत्पादन, हस्तकला तथा उद्यमशील सामग्रीहरूको प्रदर्शन तथा बिक्री गरिनेछ। यसले स्थानीय व्यवसाय प्रवर्द्धन र आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। विशेष आकर्षणका रूपमा गोठीगाडाबाट प्यारागलाइडिङको व्यवस्था गरिने आयोजकले जनाएको छ। यसले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने विश्वास गरिएको छ।

आयोजकका अनुसार महोत्सवले कर्णालीको पर्यटन, कला, संस्कृति र आर्थिक विकासलाई टेवा पुऱ्याउने लक्ष्य राखेको छ। साथै, स्थानीय कलाकार र उद्यमीलाई आफ्नो प्रतिभा र उत्पादन प्रस्तुत गर्ने महत्वपूर्ण अवसरका रूपमा पनि महोत्सवलाई हेरिएको छ।

नयाँ...

धारा, ९१ (५) मा प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ। शपथ समारोहपछि नवनिर्वाचित सदस्यलाई प्रतिनिधिसभा सदस्यको प्रतीक चिह्न (लोगो), संविधान, संसद नियमावली, संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधासम्बन्धी सँगालोसहितका सामग्री उपलब्ध गराइनेछ।

सचिवालयका प्रवक्ता एकराम गिरिले नवनिर्वाचित सांसदको शपथको आवश्यक व्यवस्थापनतर्फ सचिवालय लागिरहेको जानकारी दिए। उनले भने, 'सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद भवनको बहुउद्देश्यीय हलमा सांसदहरूको शपथ र अधिवेशनका प्रारम्भिक बैठक गर्ने तयारी भइरहेको छ।'

हलभित्रको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम अन्तिम चरणमा पुगेको छ।

हवाई...

बिरामी ढिलो अवस्थामा अस्पताल पुग्नु पनि मुख्य समस्याको कारण रहेको छ। गाउँघरमा समयमै पहिचान र उपचार नहुँदा अवस्था जटिल बनेपछि मात्रै रिफर गरिन्छ, जसले गर्दा अस्पताल पुग्दा उपचारको सम्भावना निकै कम भइसकेको हुने स्वास्थ्यकर्मी बताउँछन्।

प्रदेश अस्पतालमा समेत विशेषज्ञ चिकित्सक, अत्याधुनिक उपकरण र पर्याप्त पूर्वाधारको अभाव अर्को चुनौतीका रूपमा रहेको छ। विशेषगरी प्रसूति तथा नवजात शिशु स्याहारका लागि आवश्यक सेवा सबै अस्पतालमा प्रभावकारी रूपमा उपलब्ध छैनन्।

त्यसैगरी, हवाई उद्धार भए पनि बिरामीको अवस्था स्थिर राख्ने 'प्रि-हस्पिटल केयर' (अस्पतालअघि दिइने उपचार) कमजोर हुँदा यात्रा क्रममा नै स्वास्थ्य अवस्था झन् बिग्रिने गरेको चिकित्सकहरू बताउँछन्। कतिपय अवस्थामा आवश्यक औषधि, रगत वा सघन उपचार कक्ष समेत तुरुन्त उपलब्ध नहुनुले जोखिम बढाउने गरेको छ।

स्वास्थ्य क्षेत्रमा दीर्घकालीन योजना र लगानीको अभावले समस्या झन् जटिल बनेको सरोकारवालाहरूको भनाइ छ। दुर्गम क्षेत्रमै गुणस्तरीय सेवा विस्तार, दक्ष जनशक्ति व्यवस्थापन र आपतकालीन उपचार प्रणालीलाई मजबुत नबनाएसम्म प्रदेश अस्पताल पुगेर पनि ज्यान जोगाउन कठिन हुने अवस्था यथावत रहने देखिन्छ।

८५० बढिको हवाई उद्धार

निःशुल्क हवाई उद्धार सेवा कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशसँगै देशभरका दुर्गम क्षेत्रका ८५० जना बढी गर्भवति तथा सुत्केरीको उद्धार गरिएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा गर्भवती तथा सुत्केरीको निःशुल्क हवाई उद्धार सेवालाई प्रभावकारी बनाइदै लगिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पछिल्लो अद्यावधिक विवरणअनुसार आर्थिक वर्ष २०७५-०७६ देखि हालसम्म ८५० जना बढी गर्भवती तथा सुत्केरीको निःशुल्क हवाई उद्धार गरिएको हो। तर चालु आर्थिक वर्षको अध्यावधिक विवरण भने सार्वजनिक भएको छैन।

आव २०७५-०७६ देखि दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा गर्भवती तथा सुत्केरी हुने अवस्थामा स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गरी तोकिएको अस्पतालमा पुऱ्याई गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्दै आइएको छ।

यस कार्यक्रमका कारण दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरू समयमै उद्धारपछि अकालमा मृत्यु हुनबाट पनि जोगिएका छन्।

'दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि हवाई उद्धारका लागि कार्यविधि २०७५' पनि कार्यान्वयनमा आएको छ। उक्त कार्यविधि २०७७ असोज ११ गतेको मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भएको थियो।

हवाई उद्धार गरी सुविधासम्पन्न अस्पतालसम्म ल्याइएकी ज्यान जोखिममा परेकी महिलाको सुत्केरी पोषण स्याहार तथा यातायात सहयोगका लागि एकमुष्ट २० हजार उपलब्ध गराउँदै आइएको छ। तर कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निवृत्तिभरण प्राप्त गर्ने व्यक्ति तथा सामाजिक सुरक्षा कोषमा आबद्ध कर्मचारीको हकमा यस्तो सुविधा उपलब्ध नहुने उल्लेख छ।

यस्तै पोषण स्याहार तथा यातायात सहयोग रकम प्राप्त गरेका गर्भवती तथा सुत्केरी महिलालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त हुने सोही बमोजिमको खर्च दोहोरो पर्ने गरी प्राप्त नहुने व्यवस्था छ। हवाई उद्धार गरी सुविधासम्पन्न अस्पतालसम्म ल्याइएकी गर्भवती तथा सुत्केरी महिलालाई प्रदान गरिने पोषण स्याहार तथा यातायात सहयोग रकम बैंक खातामा जम्मा गराउने व्यवस्था रहेको छ।

गर्भवती तथा सुत्केरी महिलाको बैंक खातामा रकम जम्मा गर्न नसकेको अवस्थामा सम्बन्धित अस्पतालबाट भुक्तानी दिइ सोको सोर्धभना मन्त्रालयबाट गराउने व्यवस्था छ। हवाई सेवा उद्धार कार्यक्रम पूर्णरूपमा १८ जिल्लामा लागू भएको छ, भने आंशिकरूपमा २९ जिल्लामा लागू भएको छ।

स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)